# मिति २०७८ साल भाद्र ३० गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरु:-**

१. समीक्षा तथा प्रतिवेदन सम्बन्धमा।
२. सडक व्यवस्थापन सम्बन्धमा।
३. अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
४. कक्षा थप सम्बन्धमा।
५. आयोजना ठेक्का सम्बन्धमा।
६. गरिव परिचयपत्र कार्यक्रम सम्बन्धमा।
७. मुद्दा सम्बन्धमा।
८. विपद् व्यवस्थापन सम्बन्धमा।
९. प्रदेश लगानि प्राधिकरण सम्बन्धमा।
१०.विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भएको अवस्थामा अझ यसलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा बर्षे समयमा अविरल बर्षाबाट गाउँपालिका भित्रका विभिन्न सडक सञ्जालहरु अवरुद्ध भएका कारणले सडक सञ्जालहरु सुचारु अवश्थामा राख्नको लागि गाउँपालिका स्तरीय प्रमुख सडकहरु गाउँपालिकाको व्याकहु लोडर प्रयोग गरी तथा वडा स्तरीय प्रमुख सडकहरु बार्षिक स्वीकृत कार्यक्रम अनुसार उपभोक्ता समिति बनाई आश्विनको पहिलो हप्ताबाट मर्मत कार्य सुरु गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७६/७७ को अन्तिम लेखा परीक्षणबाट औलाएका बेरुजुहरुलाई मध्यनजर गर्दै सुझाएका सुझाबहरुलाई कार्यान्वयन गर्न प्रतिबद्ध हुने सर्वसम्मतबाट निर्णय गरियो।

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा श्री ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक बिद्यालय, लिखु ६ को प्राविधिक धार (कृषि) तर्फ कक्षा ११ सम्म कक्षा थप गर्ने सम्बन्धमा गाउँ शिक्षा समितिको मिति २०७८/०५/२१ गतेको निर्णयानुसार गाउँ कार्यपालिकामा अनुमोदनको लागि प्रस्ताव पेश

भएको हुँदा गाउँ शिक्षा समितिको निर्णयलाई अनुमोदन गरि कक्षा ११ (एघार) सम्म कक्षा थपको लागि स्वीकृति प्रदान गर्ने सर्वसममतबाट निर्णय गरियो । गाउँ शिक्षा समितिको निर्णय यसै साथ संलग्न छ ।

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका आयोजनाहरुको ठेक्का आव्हान गरि निर्माण कार्य सञ्चालनको लागि देहायको विवरण बमोजिम कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | बार्षिक स्वीकृत रकम | लागत अनुमान रकम |
|---|---|---|---|
| १ | कार्यलय परिसर भित्र महिला कर्मचारी आवास गृह निर्माण | १९,५०,०००।०० | २७,७४,४२४।७५ |
| २ | स्वास्थ्य विकास पूर्वाधार आयोजना (गाम्नांटार स्वास्थ्य चौकि) | १,२५,००,०००।०० | १,५८,००,०००।०० |
| • लागत अनुमान, बार्षिक स्वीकृत बजेट भन्दा बढि देखिएको हुनाले ठेक्का प्रकृया पश्चात हुन आउने थप रकम व्यवस्थापनको लागि आगामि गाउँसभामा प्रस्ताव पेश गर्ने,<br>• लागत अनुमान यसै साथ संलग्न छ । | | | |

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७७/७८ को स्वीकृत कार्यक्रम, गरिव पहिचान तथा परिचय-पत्र वितरण कार्यक्रम, कोभिड-१९ को प्रतिकुल प्रभावको कारणले समयमै कार्य सम्पन्न हुन नसकेको हुँदा कार्यक्रम अन्तर्गत खटिएका कर्मचारीहरु (सुपरिवेक्षक १ जना र गणक ३ जना)लाई आर्थिक बर्ष ०७८/७९ को पहिलो दुई महिनाको सेवा सुविधा(तलब तथा यातायात खर्च मात्र) करार सेवा शुल्क शीर्षकबाट व्ययभार हुने गरी कर्मचारीको व्यवस्थापन गरी कार्यक्रम सम्पन्न गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा श्री उच्च अदालत विराटनगर अस्थायी ईजलास ओखलढुंगामा कुमार कटुवाल समेत निवेदक भई श्री लिखु गाउँ कार्यपालिकाको कार्यालय समेतको बिरुद्धमा परेको मुद्दा नं. 078-WO-0004 का लागि नियमानुसार प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा मिति २०७८/०३/२६ गतेको कार्यपालिकाको बैठकबाट गठित विपद् अनुगमन समितिबाट पेश भएको गाउँपालिका भित्रका विपदबाट प्रभावित जनसमुदायको पुर्नलाभ र भूक्षय तथा पहिरो व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी प्रतिवेदन माथि अध्ययन तथा बिश्लेषण गरी आवश्यक सहयोग गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा प्रदेश लगानि प्राधिकरणबाट माग भएको विकास आयोजनाहरु छनौट कार्यको लागि सहयोग गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१०. **निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।